# पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७९

गण्डकी प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालय**

पोखरा, नेपाल ।

# पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७९

**मन्त्रिपरिषदबाट मिति २०७९/११/२१ मा स्वीकृत**

**प्रस्तावनाः** पूर्वाधार विकास कार्यक्रम व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**पूर्वाधार विकास कार्यक्रम कार्यान्वन सम्बन्धी कार्यविधि, २०७९**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना तथा कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम संचालन गरिने पूर्वाधार विकास सम्बन्धी आयोजना तथा कार्यक्रम सम्झनु पर्छ।

(ख) "विषयगत मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिमको कार्य जिम्मेवारी अन्तर्गत पर्ने विषयसँग सम्बन्धित गण्डकी प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले विषयगत मन्त्रालयको जिल्लास्थित कार्यालय सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका सम्झनु पर्छ।

परिच्छेद-२

**कार्यक्रमको क्षेत्र र कार्यक्रम छनोट**

३. **कार्यक्रमको क्षेत्रः** पूर्वाधार निर्माण तथा विकासको लागि यस कार्यविधि बमोजिम देहाय बमोजिमको क्षेत्रमा आयोजना तथा कार्यक्रम छनोट गरी कार्यान्वयन गर्न सकिनेछः-

(क) सडक निर्माण, स्तरोन्नति तथा सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेका सडक,

(ख) कृषि आधुनिकिकरण, सिँचाई सुविधा निर्माण तथा विस्तार,

(ग) उत्पादनमूलक उद्योग स्थापना,

(घ) औद्योगिक ग्रामको पूर्वाधार विकास,

(ङ) तटबन्ध गरी नदी नियन्त्रण, बस्ती संरक्षण तथा जग्गा उकास,

(च) खानेपानी सम्बन्धी नयाँ तथा अधुरा आयोजना,

(छ) फोहोर मैला व्यवस्थापन,

(ज) स्वास्थ्य पूर्वाधार निर्माण,

(झ) शैक्षिक पूर्वाधार निर्माण,

(ञ) पहिरो नियन्त्रण तथा भूसंरक्षण,

(ट) पर्यटन संरक्षण तथा प्रवर्द्धन,

(ठ) खेलकुद पूर्वाधार विकास,

४. **आयोजना तथा कार्यक्रमको छनौटः** (१) गण्डकी प्रदेश सभा सदस्यहरुले स्थानीय तहसँगको समन्वयमा दफा ३ बमोजिमको क्षेत्रमा न्यूनतम पच्चिस लाख रुपैयाँ लागत अनुमान भएका आयोजना तथा कार्यक्रम छनोट गरी स्वीकृतिका लागि विषयगत मन्त्रालयमा सिफारिश गर्नु पर्नेछ।

तर, सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेका पच्चिस लाख रुपैयाँ भन्दा कम लागत अनुमान भएका आयोजना तथा कार्यक्रम पनि छनोट गरी स्वीकृतिका लागि सिफारिश गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना तथा कार्यक्रम छनोट गर्दा कम्तीमा एउटा आयोजना तथा कार्यक्रमको न्यूनतम लागत पचास लाख रुपैयाँ भन्दा बढी हुने गरी छनोट गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्दा बढीमा १० वटासम्म आयोजना तथा कार्यक्रम छनोट गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्दा सबै कार्यक्रम एउटै क्षेत्र वा विधाको मात्र छनोट नगरी फरक फरक क्षेत्र वा विधाको छनोट गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्दा कुनै विषयमा विवाद सृजना भई अधिकतम प्रयास गर्दा पनि सहमति कायम हुन नसकेमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्यले समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने प्रदेश सभा सदस्यको समन्वयमा त्यस्तो आयोजना तथा कार्यक्रम स्वीकृतिका लागि विषयगत मन्त्रालयमा सिफारिश गर्न सक्नेछ।

(६) समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने प्रदेश सभा सदस्यले यस कार्यविधि बमोजिम पूर्वाधार विकास कार्यक्रमको लागि चैत ७ गते भित्र आफ्नो निर्वाचन क्षेत्र रोजी लिखित रुपमा विषयगत मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

(७) स्थानीय तहले उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम छनोटगर्दा आयोजना तथा कार्यक्रमको सम्भाव्यता, लागत अनुमान, उपलब्ध जनशक्ति, स्थानीय जनताको माग र आवश्यकता, आयोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त लाभ वा प्रतिफल समेतलाई ध्यान दिई देहाय बमोजिमका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछः-

(क) प्रत्यक्ष रुपमा उत्पादन र रोजगारी बढाउन सक्ने,

(ख) सम्पन्न हुन नसकी अधुरो अवस्थामा रहेका,

(ग) प्रदेश आवधिक योजनाको प्राथमिकता र उद्देश्यसँग मेल खाने,

(घ) प्रादेशिक सन्तुलन कायम गर्न सहयोग पुग्ने,

(ङ) जनताको जीवनस्तरमा वृद्धि गर्न सहयोग पुग्ने,

(च) दलित, महिला, बालकालिका, सीमान्तकृत तथा पिछडिएका जनता लक्षित,

(छ) स्थानीय स्रोत र साधनको अधिकतम उपयोग हुने,

(ज) औद्योगिक ग्राम,

(झ) एक आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने,

(७) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्दा संघ, प्रदेश तथा स्थानीय तहबाट संचालन गरिएका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्नेगरी छनोट गर्नु पर्नेछ।

(८) यस दफमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राजनीतिक दल सम्वद्ध संघ, संस्था तथा संगठनको पूर्वाधार निर्माण तथा विकास सम्बन्धी आयोजना तथा कार्यक्रम निर्माण तथा संचालन गर्न, जग्गा खरिद गरी मुआब्जा वितरण गर्न, सामग्री खरिद गरी वितरण गर्न तथा पूर्वाधार विकास भन्दा अन्य प्रकृतिका आयोजना तथा कार्यक्रम छनोट गरी संचालन गर्न सकिने छैन।

## परिच्छेद-३

## आयोजना तथा कार्यक्रमको स्वीकृति र कार्यान्वयन

५. **आयोजना तथा कार्यक्रम स्वीकृतिः** (१) दफा ४ को उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम स्वीकृतिका लागि सिफारिश भई आएमा विषयगत मन्त्रालयले त्यस्ता आयोजना तथा कार्यक्रम मध्येबाट प्राथमिकता, आवश्यकता र औचित्य समेतको आधारमा सबै वा कुनै आयोजना तथा कार्यक्रम स्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रमको बजेट व्यवस्थापनको लागि विषयगत मन्त्रालयले आर्थिक मामिला मन्त्रालयमा अनुरोध गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विषयगत मन्त्रालयबाट बजेट व्यवस्थापनको लागि अनुरोध भई आएमा आर्थिक मामिला मन्त्रालयले विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित उपशीर्षकबाट बजेट व्यवस्थापन गरी खर्च गर्ने अख्तियारी प्रदान गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रमका लागि आर्थिक मामिला मन्त्रालयबाट बजेट व्यवस्थापन भएपछि विषयगत मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई आयोजना तथा कार्यक्रम स्वीकृत भएको जानकारी दिनु पर्नेछ।

(५) यस दफा बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रमको विवरण विषयगत मन्त्रालयले आफ्नो वेभसाइटमा समेत राख्नु पर्नेछ।

६. **आयोजना तथा कार्यक्रम कार्यान्वयनः** (१) दफा ५ बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम जिल्लास्थित कार्यालयबाट कार्यान्वयन गरिनेछ।

(२) प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम ठेक्का प्रक्रिया वा उपभोक्ता समिति मार्फत आयोजना तथा कार्याक्रम कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने आयोजना तथा कार्याक्रममा त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नु अगावै कार्यालयले उपभोक्ता समितिका पदाधिकारीलाई उपभोक्ता समितिको काम कर्तव्य र अधिकार, सम्पादन गर्नु पर्ने काम र अवधि, निर्माण सामग्रीको गुणस्तर लगायतका अन्य आवश्यक विषयमा अभिमुखीकरण गर्नु पर्नेछ।

(४) सम्झौता बमोजिम कार्यक्रम संचालन भए नभएको सम्बन्धमा कार्यालयले समय समयमा अनुगमन गर्नु पर्नेछ।

(५) आयोजना स्थलमा आयोजना तथा कार्यक्रमको नाम, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायी लगायत आयोजनासँग सम्बन्धित विषय सूचना पाटी वा बोर्डमा टाँस गर्नु पर्नेछ।

(६) आयोजना सम्पन्न भइसकेपछि गण्डकी प्रदेश सरकार वा अन्तर्गतको कार्यालयको लागतमा आयोजना सम्पन्न भएको सूचना अंकित शिलालेख वा स्तम्भ वा वोर्ड वा अन्य कुनै उपयुक्त सन्देश सामग्री आयोजनाको उपयुक्त स्थानमा राखु पर्नेछ।

७. **<u>लेखा तथा लेखा परिक्षणः</u>** (१) आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि प्राप्त अख्तियारी बमोजिम रकम निकासा तथा खर्च गर्ने जिम्मेवारी कार्यालयको हुनेछ।

(२) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रचलित कानून बमोजिम लेखा परीक्षण गराउनु पर्नेछ।

परिच्छेद-४

## विविध

८. **<u>अनुगमन तथा मूल्यांकनः</u>** (१) गण्डकी प्रदेश सभाका सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्यहरु, प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला मन्त्रालय तथा विषयगत मन्त्रालयले यस कार्यविधि बमोजिम संचालित आयोजना तथा कार्यक्रमको अनुगमन गरी कार्य प्रभावकारीताको लागि आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमनको क्रममा दिइएको निर्देशन तथा सुझावको पालना गर्नु सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा कार्यालयको कर्तव्य हुनेछ।

९. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** (१) यस कार्यविधिमा लेखिएका विषयहरुमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ लाई ध्यान दिनु पर्नेछ।

१०. **<u>बाधा अडकाउ फुकाउः</u>** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अडकाउ परेमा विषयगत मन्त्रालयको अनुरोधमा आर्थिक मामिला मन्त्रालयले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।